आज मिति २०८१ साल कार्तिक महिनाको २६ गते सोमवारका दिन विहान ठिक ९:३० बजे यस छार्का ताङसोङ गाउँपालिकाको कार्यालय कागकोटमा गाउँपालिका अध्यक्ष श्री सेनाङ गुरुङ ज्यू को अध्यक्षतामा तपसीलका उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमका निर्णय गरियो ।

उपस्थितिः

अध्यक्ष श्री सेनाङ गुरुङ

उपाध्यक्ष श्री कर्म ढुण्डुप गुरुङ

वडाअध्यक्ष श्री धावा लामा गुरुङ

वडाअध्यक्ष श्री टसी छोम्बेल गुरुङ

वडाअध्यक्ष श्री वाङजु गुरुङ

वडाअध्यक्ष श्री खाम्सुङ रोकाया

वडाअध्यक्ष श्री सोनाम साङवो गुरुङ

वडाअध्यक्ष श्री कार्मा तेन्जिन गुरुङ

महिला सदस्य श्री नेजिङ खाँडु गुरुङ

महिला सदस्य श्री छोईटोल गुरुङ

महिला सदस्य श्री धावा साङमु गुरुङ

महिला सदस्य श्री कान्छी ~~गुरुङ~~ बुढा

अल्पसंख्यक सदस्य श्री युरुङ घर्ती

अल्पसंख्यक सदस्य श्री ठोक्याल गुरुङ भोटे

सचिव श्री अमरराज सेजुवाल

अन्य उपस्थितिः

अधिकृत छैटौं श्री मणिराज पौडेल

कार्यालय सहयोगी श्री हरिशर्मा धराला

निर्णय प्रमाणित

२०८१/०८/२६

अमरराज तेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. (१)** प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश, सुर्खेतको विज्ञापन नं. ५३१।०७९-०८० (खुला) मिति २०८१।०७।२३ च. नं. २१३ को सिफारीस पत्र अनुसार स्थायी नियुक्तिका लागि सिफारीस भई आउनु भएका वाणगंगा-१, कपिलवस्तुका विशाल पौडेललाई स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा १८ बमोजिम परीक्षणकालमा रहने गरी कृषि सेवा, एकीकृत समूह, सातौं तह, कृषि अधिकृत पदमा मिति २०८१।०७।२६ देखि जेष्ठता लागू हुनेगरी स्थायी नियुक्ति गरी कृषि तथा पशुपञ्छी विकास शाखामा पदस्थापन गर्ने निर्णय गरियो।

**निर्णय नं. (२)** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र संख्या २०८१।०८२ चलानी नं ६४ मिति २०८१।०७।१२ को आयोजना कार्यक्रम प्रस्ताव गर्ने सम्बन्धी प्राप्त पत्र अनुसार देहायका आयोजनाहरु प्रस्तावित गरी पेश गर्ने निर्णय गरियो।

१. कृषि तथा पशुपन्छी हाट बजार केन्द्र निर्माण वडा नं ६ मुकोट

२. हिउँ पोखरी निर्माण वडा नं १ छार्का

**निर्णय नं. (३)** स्थानीय पूर्वाधार सहयोग कार्यक्रम तर्फ आ. व. २०८१/०८२ मा सह-लगानीमा कार्यान्वयन गरिने तपशिलका कार्यक्रम/आयोजना छनौट गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, विकास सहायता समन्वय शाखा, सिंहदरबार काठमाण्डौंमा पठाउने निर्णय गरियो। यसको लागि नेपाल सरकारबाट सह-लगानीमा ६० प्रतिशतले हुने अनुमानित रकम रु २ करोडमा गाउँपालिकाबाट सह-लगानी गर्नुपर्ने ४० प्रतिशतले हुने रकम रु १३३२०००० (अक्षरुपी एक करोड तेत्तिस लाख बीस हजार) यस गाउँपालिकाले व्यहोर्ने निर्णय गरियो।

तपशीलः

१. ग्रामीण सडक सुधार र पूर्वाधार निर्माण

| सि. नं. | योजनाको नाम | वडा नं. | प्रस्तावित रकम | गाउँपालिकाबाट सह-लगानी | LISP बाट सह-लगानी |
|---|---|---|---|---|---|
| १ | मुकोट खानेपानी आयोजना निर्माण | ६ | ९०००००० | ३६००००० | ५४००००० |
| २ | च्यामर देखि छाङरु सम्म सडक स्तरोन्नति | २ र ३ | ९०००००० | ३६००००० | ५४००००० |
| ३ | बर्थिङ्ग सेन्टर भवन निर्माण | ४ | ९०००००० | ३६००००० | ५४००००० |

२. विपद जोखिम न्यूनिकरण

| सि. नं. | योजनाको नाम | वडा नं. | प्रस्तावित रकम | गाउँपालिकाबाट सह-लगानी | LISP बाट सह-लगानी |
|---|---|---|---|---|---|
| १ | लुङवु खोला तटबन्धन सहित काठेपुल निर्माण | ४ | ६३००००० | २५२०००० | ३७८०००० |

(माथि उल्लेखित योजनाको लागि प्रस्तावित रकम रु ३३३००००० मध्ये गाउँपालिकाबाट सह लगानी तर्फ ४० प्रतिशतले हुने रकम रु १३३२०००० र LISP बाट सह लगानी तर्फ ६० प्रतिशतले हुने रकम रु १९९८०००० रहेको छ।)

निर्णय प्रमाणित

२०८१/०८/२६

अमरराज तेजुवाल
प्रमुख प्रशासकीय अधिकृत